**छथर जोरपाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
जोरपाटी, धनकुटा
कोशी प्रदेश, नेपाल

# सवारी(पटके) पर्यटन तथा सरसफाई शुल्क ठेक्का सम्बन्धी सूचना

## पहिलो पटक प्रकाशित मिति – २०८१।०८।१४

यस कार्यालयबाट आ.व २०८१/०८२ को लागि यस गाउँपालिका क्षेत्र भित्र सवारी (पटके) पर्यटन तथा सरसफाई शुल्क ठेक्का संकलन कार्य गर्नुपर्ने भएकोले यस कार्यालयमा न्यूनतम रु. २,५०,०००/- (दुई लाख पचास हजार मात्र।-) (मु.अ.कर बाहेक) मा नघट्ने गरी बढाबढमा सहभागी हुन इच्छुक फर्महरुबाट आफूले कबोल गरेको अंकको दश प्रतिशत जमानत रकम यस गाउँपालिकाको नविल बैंक.लि. मा रहेको धरौटी खाता नं. २०९०१०१७५०००२५ मा दाखिला रकम सहित रीतपुर्वक शिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ। दरभाउ पत्र रु. १,०००।- तिरी कार्यालय समय भित्र खरिद गरी मिति २०८१/०८/२१ गते मध्यान्न ११:०० बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ र मिति :-२०८१/०८/२१ गतेका दिन दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ। साथै स्वीकृत हुने प्रस्तावदाताले सम्झौता गर्न आउँदा कबोल एकमुष्ट रकम यस गाउँपालिकाको उल्लेखित बैंक स्थित ग १.१ आन्तरीक राजश्वको खाता नं २०९०१०१७५०००४४ मा दाखिला गर्नु पर्नेछ।

**ठेक्का विवरण:-**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | आ.व. २०८१/०८२ लागि न्यूनतम कबोल अंक (मु.अ.कर बाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | 03/CJRMUN/ SQ/ 2081/082 | छथर जोरपाटी गाउँपालिका क्षेत्र भित्र कर उठाउने | 2,50,000.00 | कबोल अंकको १० प्रतिशत हुन आउने रकम। | |

**शर्त र बन्देजहरू**

१. यस सम्बन्धी प्रस्ताव फारम रु. १,००० एक हजार मात्र (पछि फिर्ता नहुने) तिरी छथर जोरपाटी गाउँपालिकाको राजश्व शाखाबाट प्राप्त गर्न सकिनेछ।

२. प्रस्ताव फारम खरिद गर्न सक्ने मिति २०८१/०८/१४ देखि मिति २०८१/०८/२० गतेसम्म खरिद गर्न सकिने छ।

३. प्रस्ताव फारम दाखिला गर्ने अन्तिम मिति २०८१/०८/२१ गते मध्यान्न ११:०० बजे भित्र।

४. म्याद भित्र दर्ता भएका प्रस्तावहरु प्रथम पटक सूचना प्रकशित भएका मितिले ८ दिन २०८१/०८/२१ गते दिनको १:०० बजे कार्यालयमा खोलिनेछ। प्रस्तावहरु खोल्ने समयमा प्रस्तावदाता वा नीजको प्रतिनिधी नरहे पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन।

५. प्रस्ताव साथ आफूले कबोल गरेको अंकले हुन आउने रकमको दश प्रतिशत रकम यस कार्यालयको नविल बैक लिमिटेडको रहेको धरौटी खाता नं. २०९०१०१७५०००२५ मा जम्मा गरेको सक्कल भौचर धरौटीका रुपमा समावेश गरेको हुनुपर्नेछ।

६. प्रस्ताव दाताले आ.ब. २०८१/०८२ असार मसान्त सम्म लागि उक्त कर उठाउन पाउने गरी २०८२ असार मसान्त सम्मको यस कार्यालयलाई बुझाउन सक्ने रकम अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।अक्षर र अकंमा फरक परेको खण्डमा अक्षरमा भएको रकमलाई मान्यता दिइनेछ।

७. स्वीकृत प्रस्तावदाताले कबोल रकम वापतको रकम सम्झौताको लागि आउँदा एकमुष्ठ बुझाउनु पर्नेछ।

८. प्रस्ताव फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमशः सोको भोलिपल्ट हुनेछ।

९. प्रस्तावदाताले आफु प्रस्ताव दाखिला गर्न अयोग्य नभएको भनी स्वयम् घोषणा पत्र पेश गरेको हुनु पर्नेछ। साथै फर्म दर्ता तथा नविकरण गरेको इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र र आ.ब. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्र दाखिला गरेको हुनु पर्नेछ। आ.ब. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र नभएको खण्डमा कर चुक्ता अवधी म्याद थप भएको पत्र पेश गरेको हुन पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत
Chief Administrative Officer

१०. सवारी (पटके) पर्यटन तथा सरसफाई शुल्क ठेक्कव बापतको रकम असुली सम्बन्धी ठेक्का बन्दोवस्त गरेका कारण तिर्नु पर्ने कुनै पनि कर दस्तुर बुझाउने दायित्व स्वीकृत प्रस्तावदातामा रहनेछ ।

११. यो सूचना यस कार्यालयको वेवसाईट chhatharjorpatimun.gov.np मा हेर्न सकिने छ । साथै विस्तृत जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१२. सवारी(पटके) पर्यटन तथा सरसफाई शुल्क ठेक्का दर यस प्रकार रहेको छ:-

| सि.न. | सवारीको किसिम | सरसफाई तथा पर्यटन शूल्क रु. |
|---|---|---|
| १. | बस, ट्रक, ट्र्याक्टर लगायतका ठूला सवारी साधनहरु | रु. ४०।- |
| २. | कार, जिप लगायतका साना सवारी साधनहरु | रु.२०।- |
| ३. | मोटर साइकल बाहेक अन्य सवारी साधन | रु.१०।- |
| नोटः- सवारीसाधनको पार्किङ शुल्क बापत एक दिनमा एक पटक मात्र उठाउन पाईनेछ। | | |

१३. ठेक्का सम्बन्धमा नेपाल सरकार वा अन्य निकायलाई बुझाउनुपर्ने सम्पुर्ण कर तथा दस्तुर तिर्नु बुझाउनु परेमा ठेकेदार आफैंले बुझाउनु पर्ने छ । कर चुक्ता प्रमाण पेश नभएसम्म बैंक जमानत फुकुवा गरिने छैन ।

१४. ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद परेमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।बोलपत्र स्विकृत गर्ने,नगर्ने वा आंशिक मात्र स्वीकृत गर्ने अधिकार कार्यालयलाई हुनेछ ।

१५. ठेक्का अवधिभर ठेक्का संचालन गर्दा गाउँपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सोको हर्जना समेत ठेकेदारबाट असुल गरिनेछ ।

१६. यसमा उल्लेख भएका कुरामा यसै बमोजिम र अन्यथा भएको अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
Chief Administrative Officer

**छथर जोरपाटी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**जोरपाटी, धनकुटा**

**कोशी प्रदेश, नेपाल**


# सवारी (पटके) पर्यटन तथा सरसफाई शुल्क ठेक्का सम्बन्धी सूचना

*पहिलो पटक प्रकाशित मिति - २०८१।०८।१४*

यस कार्यालयबाट आ.ब. २०८१/०८२ को लागि यस गाउँपालिका क्षेत्र भित्र सवारी (पटके) पर्यटन तथा सरसफाई शुल्क ठेक्का संकलन कार्य गर्नुपर्ने भएकोले यस कार्यालयमा न्यूनतम रु. २,५०,०००।- (दुई लाख पचास मात्रा-) (मु.अ.कर बाहेक) मा नघट्ने गरि बढावढमा सहभागी हुन इच्छुक फर्महरुबाट आफूले कबोल गरेको अंकको दश प्रतिशत जमानत रकम यस गाउँपालिकाको नविल बैंक.लि. मा रहेको धरौटी खाता नं. २०९०१०१७५०००२५ मा दाखिला रकम सहित रीतपुर्वक शिलबन्दी प्रस्ताब आह्वान गरिएको छ। दरभाउ पत्र रु. १,०००।- तिरी कार्यालय समय भित्र खरिद गरी मिति २०८१।०८।२१ गते मध्यान्न ११:०० बजेभित्र शिलबन्दी गरी यस कार्यालयमा पेश गर्नु पर्नेछ र मिति २०८१।०८।२१ गतेका दिन दिउँसोको १:०० बजे यस कार्यालयमा खोलिनेछ। साथै स्वीकृत हुने प्रस्तावदाताले सम्झौता गर्न आउँदा कबोल एकमुष्ट रकम (मु.अ. कर बाहेक) यस गाउँपालिकाको उल्लेखित बैंक स्थित ग १.१ आन्तरीक राजश्वको खाता नं. २०९०१०१७५०००४४ मा दाखिला गर्नु पर्नेछ।

ठेक्का बिबरण:

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | एक वर्षको लागि न्यूनतम कबोल अंक (मु.अ.कर बाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | 03/CJRMUN/ SQ/ 2081/082 | छथर जोरपाटी गाउँपालिका क्षेत्र भित्र कर उठाउने | 2,50,000.00 | कबोल अकको १० प्रतिशत हुन आउने रकम। | |

विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

# छथर जोरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## जोरपाटी, धनकुटा

☎ ०२६४०४१९६
☎ ०२६४०४१९९
chhatharjorpatigapa@gmail.com
chhatharjorpatimun.gov.np

कोशी प्रदेश, नेपाल


प.सं:०८१/०८२
च.नं:

छथर जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७३

मिति:-२०८१।०८।१४

**विषय:- सूचना सच्चाइएको सम्बन्धमा।**

उपरोक्त विषयमा छथर जोरपाटी गाउँपालिकाको आ.व २०८१/०८२ का लागि **सवारी (पटके) पर्यटन तथा सरसफाई शुल्क ठेक्का** आवहानको लागि मिति २०८१/०८/१४ गतेको ब्लाष्ट टाइम्स ,यस गाउँपालिकाको वेवसाईट तथा सूचना पाटिमा प्रकाशन गरेकोमा सूचनामा तपशिल बमोजिमको विवरण सच्चाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

तपशिल:-

| सूचनामा भएको | सूचनामा हुनु पर्ने | सूचनामा सच्याइएको | कैफियत |
|---|---|---|---|
| ठेक्का रकम अक्षेरुपी दुई लाख पचास मात्र | ठेक्का रकम अक्षेरुपी दुई लाख पचास हजार मात्र | ठेक्का रकम अक्षेरुपी दुई लाख पचास हजार मात्र | |
| एक वर्षको लागि न्युनतम कबोल अंक, | आ.व.२०८१/०८२ असार मसान्त सम्मको लागि न्युनतम कबोल अंक | आ.व.२०८१/०८२ असार मसान्त सम्मको लागि न्युनतम कबोल अंक | |

.............................
किरण कुमार के.सी.
प्रमुख प्रशासकीय अधिकृत